# यशोधरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बैदौली,कपिलवस्तु
## (लुम्बिनी प्रदेश, नेपाल)

प.स. :०८०/०८१
च.नं. :

मिति : २०८०/१२/०५

**पोषण सम्बन्धी आयमूलक कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान गरिएको सुचना ।।।**
**(प्रथम पटक प्रकाशित मिति २०८०/१२/०५)**

प्रस्तुत सम्बन्धमा यस कार्यालयको आ.ब.०८०/०८१ को बहुक्षेत्रीय पोषण कार्यक्रम अर्न्तगत बार्षिक स्वीकृत कार्यक्रममा पोषण सुधारका लागि बिपन्न महिला सहकारी वा समुहमा आयआर्जनको सुधार कार्यक्रम तर्फ नगद अनुदान बजेट ६२५०००। (अक्षरेपी रु.छ लाख पचीस हजार मात्र) रकम सुनौलो हजार दिनका आमा महिला, बालबालिका किशोरीहरुमा बिद्यमान रहेको कुपोषणलाई दिगो बिकासको लक्ष्य अनुरुप पोषणको समस्यलाई समाधान गर्न यसका बिभिन्न कारक तत्वहरुलाई बहुक्षेत्रीय पोषणको अवधारणा अनुसार निराकरण गर्न तथा बिपन्न अवस्थाका शिशुहरुको पोषण अवस्थामा सुधार गर्ने उद्देश्यले बिपन्न समुदायका सहकारी सदस्यहरुको आयआर्जन सुधार कार्यक्रम गर्न नगद अनुदान २५ (पचीस) जना सेयर सदस्यलाई जनही रु.२५०००। (अक्षरेपी रु. पचीस हजार मात्र) शुरुवाती अनुदान बितरण गरि महिलाहरुको सामाजिक तथा आर्थिक सशक्तिकरण र व्यवसायी प्रवर्द्धनको लागि महिला सहकारी वा समुहमा बहुक्षेत्रीय पोषण सम्बन्धी आयमूलक कार्यक्रम संचालन गर्न इच्छुक महिला सहकारी वा समुहले अनुदानका लागि आवश्यक कागजात सहित सूचना प्रकाशित मितिले १५ दिन भित्र यशोधरा गाउँपालिकामा प्रस्ताव पेश गर्नुहुन यो सूचाना प्रकाशन गरिएको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | बजेट | प्रस्ताव पेश गर्ने स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | पोषण सुधारको लागि बिपन्न समुदायका महिला सहकारीलाई बिपन्न सदस्यहरुको आयआर्जनको सुधार कार्यक्रम गर्न नगद अनुदान | ६२५०००। | यशोधरा गाउँपालिका गाउँ, कार्यपालिकाको कार्यालय बैदौली, कपिलबस्तु । | |

२०८०।१२।०५
रामचन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत

**आवश्यक कागजातहरु :**

१.निबेदन, प्रस्तवना र सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
२.सहकारी संस्था दर्ता तथा नविकरण प्रमाण पत्र ।
३.सहकारी संस्थाको गत तिन आर्थिक बर्षको आयव्ययको बिवरण ।
४.अघिल्लो आर्थिक बर्षको लेखा परिक्षण प्रतिबेदन प्रतिलिपि ।
५.कर चुक्ता तथा स्थायी लेखा नम्बरको प्रमाणित पत्रको प्रतिलिपि ।
६.सहकारी संस्था वा समुहले आवद्ध सुनौलो हजार दिनका महिलाहरुको संख्यात्मक बिवरण ।
७.अनुदान कार्यक्रममा सहभागी हुने सम्बन्धी कार्य समितिको बैठक निर्णय प्रतिलिपि ।
८.महिला सहकारी संस्थाका सदस्यहरु मध्ये सुनौलो हजार दिनका २५ जना आमा सदस्यलाई मात्र अनुदान व्यवस्था मिलाउने महिला समुह वा सहकारी संस्थाको व्यवस्थापन समितिको निर्णय प्रतिलिपि ।

प्रमुख प्रशासकीय अधिकृत